| | | |
|---|---|---|
| प्रकाशन मिति | : | २०७३ असार |
| प्रकाशक | : | जिल्ला दैवीप्रकोप उद्धार समिति |
| फोन | : | १०-५६००३३ |
| फ्याक्स | : | ०१० ५६०२६६ |
| सर्वाधिकार | : | जिल्ला प्रशासन कार्यालय, नुवाकोट |

### संक्षिप्त रुपहरु

| छोटो रुप | पूर्ण रुप |
|---|---|
| जिदैप्रउस | जिल्ला दैवी प्रकोप उद्धार समिति |
| जिविस | जिल्ला विकास समिति |
| गाविस | गाउँ विकास समिति |
| नपा | नगरपालिका |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| प्रनाउ | प्रहरी नायक उपरिक्षक |
| गैसस | गैर सरकारी संस्था |
| सावउस | सामुदायिक वन उपभोक्ता समूह |
| नेरेसो | नेपाल रेडक्रस सोसाइटी |
| SAR | Search And Rescue |
| MIRA | Multi Clusteral Intial Rapid Assessment |
| CCCM | Camp Coordination and Camp Management |
| MoU | Means of Understanding |
| SAM | Severe Acute Malnutrition |
| RRT | Rapid Response Team |

**प्रमुख संरक्षक**
विष्णु प्रसाद पोखरेल
प्रमुख जिल्ला अधिकारी

**संरक्षक**
केशर बहादुर पण्डित
स्थानीय विकास अधिकारी

**सल्लाहकार**
देव वहादुर बोहरा प्रहरी उपरिक्षक
कमलराज ढकाल सहायक प्रमुख जिल्ला अधिकारी
लोकनाथ रेग्मी प्रमुख जिल्ला इन्जिनियर
खगेन्द्र घिमिरे प्रशासकिय अधिकृत
शैलेन्द्र भण्डारी यो.अ.तथा प्र.अधिकृत
पुष्कर शर्मा रिमाल कार्यक्रम अधिकृत
सिद्धार्थ नरसिङ शर्मा जिल्ला संयोजक GIZ/RPN –Nuwakot

**प्रधान सम्पादक**
ई. रामकृष्ण राजभण्डारी
(जिल्ला शासन विज्ञ/ विपद व्यवस्थापन विज्ञ)

**सम्पादन सहयोगी**
गोवर्द्दन लाल सुनार
जिल्ला दैवी प्रकोप उद्दार समितिको सचिवालय सहयोग अधिकृत GIZ/RPN -Nuwakot
शारदा खतिवडा
कार्यक्रम अधिकृत नेपाल रेडक्रस सोसाईटी

प्रकाशन सहयोगी

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT

giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

प्रकाशक

**जिल्ला विकास समितिको कार्यालय**
विदुर, नुवाकोट

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## नुवाकोट

फोन: ०१०-५६००३३
०१०-५६०३३३
फ्याक्स -०१०५६०२६६

ईमेल:nuwakotcdo@gmail.com

पत्र संख्या : ०७२/७३
चलानी नम्बर : ६३

मिति :- २०७२/०३/१३

## शुभ-कामना



मानवीय एवं प्राकृतिक कारणबाट उत्पन्न हुने विपदलाई योजनावद्ध रुपमा कमि ल्याउन सहयोग पुग्ने गरी नेपाल सरकारको विद्यमान नीति, निर्देशिका, दिग्दर्शनका प्रावधानलाई मध्ये नजर गर्दै सरोकारवाला पक्षसंगको अर्न्तक्रिया, छलफल, गोष्ठिबाट प्राप्त सल्लाह, सुझावहरुलाई समेटी तयार गरिएको यस विपद् पुर्वतयारी तथा अनुक्रिया योजना, २०७३ ले नुवाकोट जिल्लाको विपदको स्थितिको स्पष्ट आँकलन गरेको छ । यस योजनाले विपद् सम्भाव्य क्षेत्रहरुको पहिचान, घटना घट्न नदिन अपनाउनु पर्ने सजगता, घट्न गएमा गर्नु पर्ने व्यवस्थापकीय कार्यमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्रस्तुत योजना विगतमा तयार गरिएको अनुक्रिया योजना तथा २०७२ सालको महाभुकम्पको क्षती, असरलाई व्यवस्थापन गर्दा प्राप्त अनुभवलाई समेटेर तयार गरिएको छ । नुवाकोट जिल्लाको विपद व्यवस्थापनका कार्यकालागि यस योजनाको उपयोग हुन सक्ने र विपद् व्यवस्थाका क्षेत्रमा अध्ययन अनुसन्धान र खोजमा लागेका संघ संस्थाहरु र व्यक्तिहरु समेत लाभान्वित हुनेछन् भन्ने विश्वास लिएको छु । यो योजना तयार पार्न सहयोग गर्ने जिल्ला विकास समितिका जिल्ला शासन विज्ञ ई. रामकृष्ण राजभण्डारी, जि.आई.जेड. रिकोभरी प्रोगाम नुवाकोट, जिल्ला दैवि प्रकोप उद्धार समितिका सहयोगी अधिकृत गोबर्धन सुनार र अन्य सम्बद्ध सबैमा विशेष धन्यवाद सहित प्रकाशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

-------------------
(विष्णुप्रसाद पोखरेल)
प्रमुख जिल्ला अधिकारी
एवं
अध्यक्ष जिल्ला दैवि प्रकोप उद्धार समिति नुवाकोट

नेपाल सरकार
**संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**जिल्ला विकास समितिको कार्यालय**
विदुर नुवाकोट

# हाम्रो भनाई

मानविय वा प्राकृतिक कारणबाट उत्पन्न विपदलाई सुनियोजित र योजनावद्द तरिकाबाट व्यवस्थापन गर्न सहयोगी हुने गरी तयार पारिएको यस विपद पुर्वतयारी तथा प्रतिकार्य योजनाले विपद व्यवस्थापनंका क्षेत्रमा कार्य गर्ने संघसंस्था, व्यक्ति, समुहहरु लाई कार्यक्रम संचालनमा सहयोग पुऱ्याउनेछ भन्ने कुरामा दुईमत छैन । मध्यमान्चल विकास क्षेत्रको वाग्मती अन्चलमा पर्ने यस जिल्लाको १ नगरपालिका र ६१ गाउं विकास समितिहरुमा गत वर्ष २०७२ को महाविनाशकारी भुकम्पले धेरै असर गरी धेरै जनधनको क्षति पुऱ्याएको अवस्था छ । भुकम्पको अलावा बाढी, पहिरो, माहामारी, आगलागी, चटयांग जस्ता प्राकृतिक तथा मानविय प्रकोपले पुऱ्याउने क्षतीलाई निर्मुलै पार्न नसकेपनि यसबाट सिर्जना हुन सक्ने दुखद असरलाई न्युनिकरण गर्ने तथा समयमै व्यवस्थापन गरी मानविय तथा जनधनको क्षति कम गर्न सकिन्छ भन्ने विश्वासका साथ तयार गरिएको प्रतिकार्य योजनाहरुले आउंदा दिनहरुमा विपद व्यवस्थापनमा ठुलो सहयोग पुऱ्याउने छ । विपद व्यवस्थापनमा तयार गरिएको नीति, निर्देशिका, दिग्दर्शनहरुको आधारमा विभिन्न निकायका अनुभवीहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, सुरक्षा निकाय, नगरपालिका, गाउं विकास समिति र अन्य नागरिक समाजका वर्गहरुका राय, सल्लाह, छलफल, सुझावबाट  तयार गरिएको यस विपद पुर्व तयारी तथा प्रतिकार्य योजना २०७३ ले विपदले सिर्जना गर्ने घटना/ दुर्घटनाको असरलाई न्युनिकरण, व्यवस्थापन गर्न टेवा दिनेछ र यस सम्बन्धी हुने क्रियाकलापहरुलाई साझेदारी, सहभागितात्मक तरिकाबाट सम्पन्न गर्न आर्थिक, भौतिक, मानविय सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

प्रकोपले कम समयमा एकै पटक धेरै भन्दा धेरै जनसंख्यालाई प्रभाव पार्ने भएकोले यसको व्यवस्थापन एक चुनौतीपुर्ण रहेको वर्तमान परिप्रेक्ष्यमा प्रतिकार्य योजनाले प्रकोप आउनु अघि, प्रकोप भईरहेको अवस्थामा गर्नुपर्ने राहतका कार्यहरु र प्रकोप पश्चात गर्नुपर्ने पुर्ननिर्माणको कार्य विवरण, जिम्मेवार निकाय, सहयोगी संघसंस्थाहरुको समन्वय, संयोजनगरी सरल र सिघ्र व्यवस्थापन गर्न जिल्ला दैवी प्रकोप उद्धार समिति, नुवाकोट प्राप्त सल्लाह, सुझावका साथ कार्यक्रमहरु कार्यान्वयन गर्न प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहान्छु ।

धन्यवाद !

केशर बहादुर पण्डित

स्थानीय विकास अधिकारी

# Nepal Red Cross Society
Nuwakot District chapter

Ref. No.

## शुभकामना

नुवाकोट जिल्लाको विपद जोखिमयुक्त अवस्थाको चित्रण गरी सम्भावित खतरा कम गर्न अवलम्वन गरिनु पर्ने उपायहरु समेटी जिल्ला विकास समिति र नेपाल रेडक्रस सोसाइटी नुवाकोटको आर्थिक तथा प्राविधिक सहयोगमा प्रकाशित परिमार्जित जिल्ला विपद पुर्वतयारी तथा अनुकृया योजना २०७२/०७३ को संस्करणका लागि खुशी व्यक्त गर्दै उक्त प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु ।

मानवीय तथा प्राकृतिक कारणबाट उत्पन्न हुनसक्ने विपद्को क्षति कम गर्न तथा सम्भावित क्षति प्रति सजकता अपनाई विपदका समयमा यथाशिघ्र उद्धार तथा रहत प्रदान गर्न यसबाट पूर्ण सहयोग मिल्ने छ ।

विशेषतः पहिरो, बाढी, महामारी, आगलागी, भुकम्प जस्ता प्रकोपहरुको विशेषता बोकेको यस जिल्लामा विगतका अनुभव, विपद् व्यवस्थापनमा सकिय सहभागी तथा सहयोगी निकायका विज्ञहरुको प्रत्यक्ष संलग्नतामा तयार पारिएको यस पुस्तकले जिल्लाको सम्भावित विपद जोखिम र न्युनिकरणमा सरोकारवाला सवैका लागि प्रेरणाको श्रोत बन्ने छ भन्ने आशा लिएको छु ।

अन्तमा पुस्तक तयारी तथा प्रकाशनमा सहयोग पुऱ्याउनु हुने सवैमा विशेष धन्यवाद सहित कृतज्ञता व्यक्त गर्दछु ।

..............................................

सुरत वहादुर चित्रकार
सभापति
नेपाल रेडक्रस सोसाइटी
नुवाकोट जिल्ला शाखा

# बिषय सूची

## खण्ड-१

क विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७२/७३
क.१ पुष्ठभूमिः **नुवाकोट जिल्ला एक परिचय**
१.१ सामान्य परिचय
१.२ भौगोलिक अवस्थिति
१.३ सिमाना
१.४ हावापानी तथा जलवायु
१.५ तापक्रम तथा वर्षा
१.६ भुधरातलीय स्थिति
१.७ धरातलीय स्वरुप
१.८ राजनैतिक तथा प्रशासनिक विभाजन
१.९ जनसंख्या सम्वन्धि विवरण
१.१० धर्म अनुसार जनसंख्या ( प्रमुख ५)
१.११ जाति अनुसार जनसंख्या ( प्रमुख ५)
१.१२ भाषा अनुसार जनसंख्या ( प्रमुख ५)
१.१३ दलित तथा जनजाति जनसंख्या
१.१४ आर्थिक रुपले सक्रिय जनसंख्या
१.१५ प्रमुख पेशा
१.१६ जनसंख्याको पेशागत विवरण१.१७ मानवीय विकास सम्वन्धि विवरण
१.१८ शैक्षिक स्थिति
१.१९ स्वास्थ्य स्थिति
१.२० कृषि सम्वन्धि विवरण
१.२१ भुउपयोग स्थिति
१.२२ पशु सम्वन्धि विवरण
१.२३ संचार सेवा सम्वन्धि विवरण
१.२४ विद्युत वैकल्पिक उर्जा सम्वन्धि विवरण-
१.२५ यातायात सम्वन्धि विवरण
१.२६ सहकारी/वित्तिय संघ, संस्था/गै.स.स सम्वन्धि विवरण
१.२७ शान्ति सुरक्षा
१.२८ प्राकृतिक स्रोत तथा वातावरण
१.२९ मुख्य वनस्पतिहरु
१.३० प्राप्य जडिवुटिहरु
१.३१ मुख्य नदी तथा तालहरु
१.३२ धार्मिक एवं सांस्कुतिक सम्पदा सम्वन्धि विवरण
१.३३ मुख्य पर्यटकिय स्थल, ताल, ऐतिहासिक गुफा, दरवार तथा स्मुति उद्यानहरु
१.३४ मुख्य वजार केन्द्र
१.३५ सांस्कुतिक चाड एंव मेलाहरु

## खण्ड-२

२.० विपदको अवस्था बिश्लेषण तथा समस्या पहिचान :-
२.१ चुनौतीहरु :
२.२ अवसरहरु :
२.३ आवश्यकता पहिचान**:**
२.४ प्रकोप प्राथमिकिकरण, संकटाभिमुखता तथा जोखिम पहिचान :
२.४.१ नुवाकोट जिल्लामा प्रकोपको श्रेणीकरण :

२.४.२ प्रकोप प्राथमिकिकरण मेट्रिक्स
२.४.३ छलफलमा सहभागीहरुको अनुभूतिको आधारमा तयार पारिएको प्रमुख प्रकोपहरुको बारम्बारता तालिका
२.४.४ पहिरोको संकटासन्नता पहिचान
२.४.५ पहिरोको संकटासन्नता पहिचा
२. ४. ६पहिरोको जोखिममा रहेका गा.बि.स.हरु
२.४. ७ महामारीको संकटासनन्ता पहिचान
२.४.८ महामारीको सर्न्दभमा गा.बि.स हरुको जोखिमको स्थिति
२.४.९ जोखिम पहिचान र प्रभावको अनुमान
२.४.१० पहिरोको कारणले हुने जोखिमः
२.४.११ महामारीको कारणले हुने जोखिमः
२.५ जिल्लाको क्षमता बिश्लेषण
२.६ सेवा प्रदायक संस्थाहरुः
२.७ *स्रोत नक्साकंन-उपलब्ध स्रोतहरु तथा थप आवश्यकताः*
२.८ प्रकोप प्रतिकार्यका लागि उपलब्ध स्रोतहरु तथा आवश्यकताको नक्साङ्कन
२.९ नेपालमा प्रकोप जोखिम व्यवस्थापन र वर्तमान नीति
२.१० प्रकोप प्रतिकार्यका लागि साझेदार/सहयोगी निकायको क्षमता र सहयोगको किसिम
२.१०.१ पहिरो र महामारीको प्रकोपमा काम गर्ने सहयोगी निकायको क्षमता र सहयोगको किसिम
२.११ क्षेत्रगत अगुवाको नक्साङ्कन
२.११.१ प्रकोपपूर्व तयारी तथा प्रतिकार्य योजना (महामारी र पहिरो)
२.११.२ उद्देश्यः
२.११.३ योजनाको लक्ष्य
२.११.४ अपेक्षित उपलब्धिहरुः
२.११.५ उपागमन तथा सिद्धान्तहरुः
२.१२ कार्यक्षेत्र (क्षेत्रगत रुपमा) तथा प्रमुख गविविधिहरुः पूर्वतयारी तथा प्रतिकार्यका गतिबिधिहरु
१.१३ कार्य क्षेत्र तथा पूर्वतयारी गतिविधिहरु
२.१४ कार्यक्षेत्र तथा प्रमुख प्रतिकार्यका गतिबिधिहरुः प्रतिकार्य योजना
२.१५ पहिरो र महामारी प्रकोपको पूर्वतयारी कार्ययोजना २०७२/७३

अनुसूचि (१क) पहिरोको संकटासन्नता पहिचान
अनुसूचि (१ख) महामारीको संकटाभिमुखता पहिचान
अनुसूचि २ स्वास्थ्य तथा सरसफाईको स्थिति अनुसार बर्गिकरण गरिएका गा.वि.स.हरु
अनुसूचि ३ पहिरो संग सम्वन्धित जोखिम आँकलन
अनुसूचि ४ योजनामा अप्नाइएका उपागमन र विधिहरु (प्रकोप पूर्वतयारी तथा प्रतिकार्य योजना)
४.१ अवस्था बिश्लेषण र समिक्षाः
४.२ समन्वयात्मक बैठक तथा परिचयात्मक कार्यशालाः
४.३ क्षेत्रगत बैठकहरुः
४.४ अन्तिम कार्यशालाः

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७३ र ७४

## खण्ड १

## आकष्मिक पूर्वतयारी योजनाको परिचयः

### १) पुष्ठभूमिः

संघीय राज्यलाई प्रत्यय रुपमा केन्द्रीयस्तरबाट सम्बोधन गर्न चुनौतीपूर्ण भएको अवस्थामा कुनै पनि राज्यलाई ऐन/नियमहरु बनाउनका लागि केन्द्रीय र जिल्ला को लागि विपद् व्यवस्थापनका नीतिको अत्यावश्यक भएको महसुस गर्न सकिन्छ । नेपाल मुख्य गरी बाढी, पहिरो प्रकोप, भूकम्प, विभिन्न स्वास्थ्यसँग प्रकोपको जोखिममा भएको र मानव सिर्जित प्रकोपहरुको पनि उच्च जोखिममा रहेको हुनाले, यस्ता जोखिमहरुलाई निर्क्यौल गरी, यस सम्बन्धि एकिकुत, समावेशी र सम र समय सापेक्षिक विपद् व्यवस्थापन नीति तथा कार्यान्वयन वर्तमान समयमा अपरिहार्य देखिन्छ ।

नेपालको दिगो विकासको लक्ष्य २००३ र २०१५ संयुक्त राष्ट्र संघले निर्दिष्ट गरेको दिगो विकासको लक्ष्यले तय गरे अनुसारका सामाजिक, आर्थिक राजनीतिक र सांस्कुतिक विकासलाई अवरोध गर्न सक्ने सबै प्रकारका विपद्लाई व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ ।

हालै मात्र संयुक्त राष्ट्र संघ सन् २०१५ मा नेपाल समेत १ सय ८७ देशहरुको सहभागितामा जारी गरेको विश्वव्यापी साझा अवधारणापत्र विप्द जोखिम न्यूनिकरणका लागि सेन्डाई अवधारणापत्र २०१५-२०३० (Sendai Framework for Disaster Risk Reduction, 2015-2030) लाई मुल आधार मानि अन्य अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मान्यता एवं मापदण्डको समेत अध्ययनका आधारमा यसलाई कार्यान्वयन गर्न ठोस र एकीकुत दस्तावेजको आवश्यकता महसुस भई पहिचान गरी त्यसबाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्दै व्यवस्थापनको अनुगमन, मूल्यांकन, अध्ययन, अनुसन्धान, नीति, ऐन, र नियम निर्माण, विपद् मूलप्रवाहीकरण र कार्यान्वयनका सबै पक्षमा निर्देशन दिइनेछ ।

विश्वव्यापी रुपमा विभिन्न प्रकोपहरुबाट विपद घटनाहरु बुद्धि भई धेरै जनधनको क्षति भैरहेको र विपद व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी कार्यहरु भैरहेको सन्र्दभमा नेपालले पनि प्राकृतिक तथा मानवजन्य प्रकोपहरुको प्रभावहरुलाई न्युनिकरण गर्ने उद्देश्यलाई प्राथमिकतामा राखेको छ । कमजोर भौगोलिक बनावट, मौसमी घटनाहरु, तीब्र जनसंख्या बुद्धि, अव्यवस्थित बसाई तथा बिकास गतिविधिहरुका कारणले नेपाल प्राकृतिक प्रकोपहरुको उच्च जोखिममा रहेको छ । यस किसिमको विषम परिस्थितिमा सम्भावित विपदको ब्यवस्थापन गरी क्षती न्यूनीकरणको लागी जिल्लाका विभिन्न तह देखि समुदाय स्तरसम्म प्रयासहरु हुनु जरुरी छ । विगतका अनुभवहरु तथा विपद व्यवस्थापनको क्षेत्रमा विकसित नीति र अवधारणाहरुको आधारमा विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको महत्व तथा आवश्यकता अपरिहार्य भएको कुरा महसुस गरिएको छ । मानवीय दुर्घटनाहरुमा कमी ल्याउने र प्राकृतिक प्रकोपका असर न्यूनिकरण गर्ने विभिन्न गतिविधिहरु मध्ये विपद पूर्वतयारी एउटा महत्वपुर्ण गतिविधि हो । यस सन्र्दभमा नेपाल सरकार, संयुक्त राष्ट्र संघका एजेन्सीहरु, राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी सघं संस्थाहरु तथा

रेडक्रस अभियानले गत बर्ष देखि देशका ६५ जिल्लामा आपतकालीन योजना सहित विपद पूर्वतयारी योजना निर्माणका लागि आपसमा समन्वय गर्दै आएका छन् । यसै सन्दर्भमा जिल्ला विकास समिति नुवाकोट, नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखा र GIZ/RPN Nuwakot ले यस बर्ष नुवाकोट जिल्लामा हुने विपदहरुमा उचित अनुक्रियाका लागि पूर्वतयारी योजना बनाउन जिल्ला दैवी प्रकोप उद्धार समितिसंग समन्वय र सहयोगी भूमिका निर्बाह गरेको छ ।

नुवाकोट जिल्लाका अधिकांस क्षेत्रहरु भुकम्पबाट प्रभावित भएको छ र पहिरोको जोखिम रहेको छ । बर्षायाममा यहाँका समुदायहरुले पहिरोबाट जनधन क्षतिको सामना गरिरहेका छन । पहिरोको कारण करिव २५० परिवारहरु प्रत्येक वर्ष प्रभावित हुने गर्दछन् । बिगत पांच बर्षको तथ्याकंलाई हेर्दा नुवाकोट जिल्लाका प्रत्येक गा.वि.स तथा नगरपालिका समेत पहिरोको जोखिमबाट मुक्त नरहेको पाउछौं । गत बर्ष २०७२ मा आएको बिनाशकारी भुकम्प ले जिल्लाभरि गरेको मानवीय क्षती, २०६८, २०६९ श्रावण, भाद्र महिनामा गएको बाढी पहिरोका कारण नर्जामण्डप, वागेश्वरी र थान्सिङ गाविसमा मानवीय क्षती तथा अन्य धेरै गाविसहरु प्रभावित भयो, त्यसैगरी २०७१ र ०७२ मा आऐका बाढी पहिरोका कारण उर्लेनी, लच्याङ र गेर्खु गाविसमा धेरै जनधनको क्षति भएको छ । त्यसैगरी कमजोर सरसफाईको अवस्था तथा शुद्ध खानेपानी र शौचालयको उचित प्रयोगको अभावमा नुवाकोट जिल्ला मा प्रत्येक बर्ष झाडापखाला लगायत महामारीको समेत सामना गर्नु पर्दछ । यसै अनुभवको आधारमा जिल्ला दैवीप्रकोप उद्धार समिति मार्फत मानवजन्य तथा प्राकृतिक विपद न्यूनीकरणमा जनतालाई सुसूचित गराई जिल्ला तथा नेपाल सरकारलाई सहयोग पुर्‍याउने उद्धेश्यले यो **"विपद पूर्वतयारी तथा प्रतिकार्य योजना"** नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखा, GIZ/RPN, Nuwakot जिल्ला विकास समिति, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), UN Women (Saathi) को आर्थिक तथा प्राबिधिक सहयोगमा निर्माण गरिएको हो । लामो छलफल, बहसबाट प्राप्त सुझावहरुलाई समेटी पुस्तकाकारको रुपमा GIZ/RPN, Nuwakot ले प्रकासनको लागी आर्थिक सहयोग गरेको हो । यो योजना कार्यान्वयनमा आएपछि विपद न्यूनिकरणमा सहयोग हुने, विपदबाट प्रभावित परिवारहरुको छिटो, सरल तरिकाबाट व्यबस्थापन गर्न सकिने र सम्भावित विपद्को प्रभावहरु न्युन हुने बिश्वास गरिएको छ ।

## २. उद्देश्य र कार्य क्षेत्र

- जिल्ला स्तरमा हुने, हुन सक्ने विपदहरुको व्यवस्थापन गर्दै राष्ट्रिय विपद प्रतिकार्यमा कमि ल्याउनु यस प्रतिकार्य योजनाको मुख्य उद्देश्य रहेको छ ।
- विपद् हुनुभन्दा अगाडि, भइरहेको समयमा र विपद् पश्चात् तुरुन्त गरिने कार्य तथा जनधनको सुरक्षा, कानुनको पालना; विरामी, घाइते र जोखिममा परेका व्यक्तिको हेरचाह, जीवन रक्षाका लागि आवश्यक पर्ने सामग्री प्रदान गर्ने र सार्वजनिक सम्पत्तिको संरक्षणका लागि जिल्ला स्तरमा गरिने कार्यहरुलाई जिल्ला विपद् प्रतिकार्य (National Disaster Response) को कार्य क्षेत्रको रुपमा लिइएको छ । विपद पूर्व, विपद परिरहेको समयमा र विपद पछि गर्नु पर्ने कार्यहरूको पूर्वतयारी गर्नु ।
- विपद प्रभावितहरूलाई तत्काल उद्धार तथा राहत सेवा पुऱ्याउन सरल पार्नु ।

- आकस्मिक पूर्वतयारी कार्ययोजनामा जिम्मेवारी बोकेका विभिन्न सघंसस्थाहरूको कार्य प्रगतिको समीक्षा गर्नु ।
- आकस्मिक पूर्वतयारी योजना कार्यान्वयन पश्चात सिकिएका पाठहरुलाई छलफलमा ल्याई पुनः परिमार्जनका लागि सरोकारवालाहरुको बैठकको आयोजना र विभिन्न निकाय तथा संघसस्थाहरू बीच समन्वय गरी कार्यक्रमलाई एकीकुत रूपमा अगाडि लैजानु ।
- राहत वितरण कार्य एकद्धार प्रणालीबाट छिटो, सरल बिधि, व्यवस्थित, पारदर्शीताका साथ कार्य गर्न ।
- विपद् आफैमा चुनौती हो र विपदले निम्त्याएको अवस्थालाई अवसरको रुपमा व्यवस्थापन गरि दिगो विकासका योजनाहरु तर्जुमा, छनौट र कार्यान्वयन गर्न मुलप्रवाहीकरण गरिने ।
- विपद् व्यवस्थापन नीतिका उद्देश्यले निर्देश गरे अनुसारको कार्यक्रम कार्यान्वयन संस्थाहरुको स्थापना गर्ने र आवश्यक प्रविधिको पनि स्तरोन्तर गर्दै सो सम्बन्धी अनुगमन तथा मुल्यांकन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- जोखिमको पहिचान, मुल्यांकन तथा अनुगमनको लागि प्रभावकारी प्रणालीको व्यवस्था गरिनेछ ।
- आधुनिक संचार प्रविधिको प्रयोग गर्दै विपद्को पूर्व जानकारी गराउने Early Warning System को विकास गरिनेछ ।
- प्रकोप पश्चातको प्रतिकार्य तथा उद्धार कार्यमा संकटासन्न (Vulnerable) समुदाय खासखरी सुत्केरी महिला, स्तनपान गराईरहेका महिला, किशोरी, अपाङ्गता भएका नागरिकहरु, एकल महिला, जेष्ठ नागरिक, बालबालिकाहरु पहिचान गरी विशेष ग्राह्यता दिइनेछ ।
- पुर्नस्थापना तथा पुर्ननिर्माणलाई विपद् उत्थानशील संरचना तथा समाज बनाउने अवसरको रुपमा लिएर सुरक्षित समाजको निर्माण गरिनेछ ।
- विपद् व्यवस्थापनका लागि सञ्चारको योगदानको प्रभावकारीतााई जोड दिइनेछ ।
- आकस्मिक पूर्वतयारी योजना समय समयमा परिमार्जन गरि अन्य संस्करण प्रकाशन गरी सम्बन्धित निकायहरूलाई वितरण गर्नु ।

## ३. आकष्मिक योजना प्रकाशनको लागि अबलम्बन गरिएको प्रक्रियाहरू

विपदको क्षेत्रमा काम गर्ने निकायहरूका लागि तयार भएको मानवीय घोषणा (स्फेयर) पत्रले निर्दिष्ट गरेको मार्ग निर्देशन र न्यूनतम मापदण्ड अनुसारको प्रक्रियालाई योजना तयार गर्न कार्यशालामा अवलम्बन गरिएको छ साथै यसमा समावेश गर्नु पर्ने अन्य आवश्यक विषयबस्तुलाई पनि समेट्ने प्रयास गरिएको छ ।

विपद् प्रतिकार्य योजना तर्जुमा गर्ने क्रममा २०७२ बैशाख १२ गते र त्यसपछिका पराकम्पनले श्रृजित विपद व्यवस्थापनका लागी जिल्ला दैवी प्रकोप उद्धार समितिको बैठकमा भएका छलफल, निर्णयहरु र विषयगत क्षेत्रहरूको पटक पटक छलफल र अन्तरक्रियाहरूको आयोजना गरिएको छ । यसैगरी विषयगत अगुवा संस्थाको पनि पटक पटक बैठकहरू बसेका छन् । बैठकहरूमा जिल्ला स्थित सरोकारवाला निकायहरूबाट प्राविधिक सहयोग गर्ने काम भएको छ । यसैगरी विगतमा निर्माण गरिएका विपद् पूर्वतयारी योजना तथा आकस्मिक योजनाहरूलाई आधार मानेर यो योजना तयार गरिएको छ ।

- जिल्ला प्रशासन कार्यालय नुवाकोटको सहयोगमा नेपाल रेडक्रस सोसाइटी नुवाकोटद्धारा जिल्लामा विपद् पूर्वतयारी तथा राहत कार्य गर्ने ।
- जिल्ला प्रशासन कार्यालय नुवाकोटको दैवी प्रकोप उद्धार समितिसंग समन्वय गरी प्रकाशन कार्य सम्पन्न गर्ने ।
- विपदको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट प्रकाशनका लागि सूचना संकलन गरिएको छ ।
- जिल्ला विपद व्यवस्थापन योजना तयारीको जिल्लाको वस्तुगत विश्लेषण (Situatuon Analysis of the Distrist for the Preparation of District Disaster Management Plan) बाट परिमाणात्मक तथ्याङ्क लिइएको छ ।
- जिल्लामा रहेका सरकारी तथा गैर सरकारी संघ संस्थाबाट नेपाल सरकार गुह मन्त्रालयको विपद् व्यवस्थापनको लागि जिल्लास्तरीय पूर्वतयारी योजना मार्गदर्शन २०६७ को स्रोत साधनको आंकलन फारम नं.३ र प्रतिकार्यमा सहयोग गर्ने क्षमता र सहयोग सामाग्री आंकलन फारम नं.४ बाट सरोकारवाला संघ संस्थाहरुको क्षमता संकलन तथा विश्लेषण गरिएको छ ।
- नेपाल रेडक्रस सोसाईटी उपशाखाहरुबाट गाविस स्तरीय प्रकोपको पहिचान तथा यसको मापन र प्रकोप स्थलको पहिचान तथा आश्रयस्थल एवं प्रकोपका परिमाणात्मक तथ्याङ्क लिइएको छ ।
- जिल्ला दैवीप्रकोप उद्धार समितिको बैठकमा पटक-पटक छलफल भएको छ ।

जिल्लास्तरमा पहिले तयार गरिएको विपद पूर्वतयारी प्रतिकार्य योजना लाई यस बर्ष व्यापक छलफल, अर्न्तक्रिया गरि परिमार्जन गरिएको छ । यस योजनामा समावेश गरिएको विषयबस्तु बार्षिक रुपमा अझै परिमार्जन गर्दै लगिनेछ । कतिपय अवस्थामा एउटै किसिमको तथ्याङ्क पनि अलग-अलग स्रोतबाट प्राप्त भएको कारणले फरक परेका हुन सक्छन् । जे भएपनि पहिलो प्रयासमा भए गरेका कमी कमजोरीहरुलाई यस पटक सच्याउने प्रयास गरिएको छ । कतिपय क्षेत्रका तथ्याङ्कहरू आउँदा दिनमा समेत प्राप्त हुन सक्ने भएको र जरुरी तथ्यांकलाई मध्यावधि मूल्यांकनको वेलामा समेत समावेश गरी यो कार्ययोजना दस्तावेजलाई पूर्णता दिइनेछ ।

**विपद सम्वन्धी संक्षिप्त विवरण**

## १ प्राकृतिक विपद तथा वातावरण (Natural Disaster and Environment)

वातावरण, जैविक विविधता तथा प्राकृतिक विपद बीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । प्राकृतिक विपदहरु सामान्यतया वातावरणको अवस्थामा आएका आकस्मिक तथा क्रमबद्ध परिवर्तनहरुबाट उत्पन्न हुन्छन् । यस्ता परिवर्तनहरु धेरैजसो भौगर्भिक तथा हावापानी सम्बन्धि विविध प्रक्रियाहरु मार्फत प्राकृतिक घटनाहरुको रुपमा सुरु हुन्छन् । प्राकृतिक घटनाहरुको अतिरिक्त मानवीय क्रियाकलापहरुका माध्यमबाट पनि वातावरणमा परिवर्तन हुन्छन् र यस्ता वातावरणीय परिवर्तन आकस्मिक एवं दीर्घकालीन प्रकृतिका समेत हुन्छन् । जस्तैः प्राकृतिक स्रोत साधनहरुको अविवेकपूर्ण उपयोग अथवा इन्धनको अत्यधिक प्रज्वलनको कारणले गर्दा हरित गृह ग्याँसको निष्कासन, पुनःनवीकरणीय क्षमताको उपेक्षा तथा अन्धाधुन्ध तवरको शहरीकरणजस्ता विकासका संकेतहरु आफैंले विनाशतर्फ डोऱ्याइरहेको दुःखद अवस्था विद्यमान छ । फलस्वरुप भौगोलिक सीमामा मात्र सीमित नभई विश्वभर समस्याको रुपमा फैलिरहेको जलवायू परिवर्तनका कारण तापमानको वृद्धि भइरहेको र हावापानी तथा मौसममा परिवर्तन आइरहेको स्थिति छ । यी परिवर्तनहरुले गर्दा अतिवृष्टी, अल्पवृष्टी, बेमौसमी बाढी, पहिरो, खडेरी, आगलागी जस्ता समस्याहरुमा वृद्धि भइरहेको अवस्था छर्लङ्ग देखिन्छ । यसरी नै जनसंख्या वृद्धि, भएका उर्वर भूमीको विनाशले गर्दा जंगल

क्षेत्रमा कृषिको थप प्रसार गर्ने कार्यतिर प्रवृत्त गराउंदछ । यस्तो कृषि प्रसारबाट आवास क्षेत्रसँग रहेको सम्बन्ध नष्ट हुने तथा जैविक विविधता माथि प्रत्यक्ष खतरा पुग्दछ । रोग तथा कीराबाट उत्पन्न हुने महामारी, पशु तथा वनस्पतिको सुरक्षा तथा स्वास्थ्यका साथसाथै प्रकृतिक स्रोत तथा पर्यावरण सम्बन्धि प्रक्रियाहरुको दिगोपनामा गम्भीर चुनौती खडा हुन्छ । यसरी वातावरण तथा पर्यावरण सम्बन्धि क्रियाकलापमा अल्पकालीन तथा दिर्घकालीन दुवै थरी असरहरु उत्पन्न हुन पुग्दछन् ।

## २. विपद् तथा विकास (Natural Hazards and Development)

विपद विकास निर्माण र जनसंख्याको वृद्धिसँगै आफैं सिर्जित एक दुर्घटना हो । विकास निर्माणका क्षेत्रमा संलग्न रहेको निकाय तथा समुदायहरुमा विपद् सम्बन्धी चेतना र ज्ञानको कमी र त्यस बाट पार्ने नकारात्मक सुचकहरुको कम आंकलनका कारणबाट कठोर परिश्रमबाट आर्जन गरिएका विकासका उपलब्धिहरुमा विपदले क्षति पुऱ्याउने गरेको छ । प्रविधिको कमजोर उपयोग प्रणाली र अज्ञानताले पनि विकासलाई विपदको जननीको रुपमा बढाई रहेको छ । आधुनिक प्रबिधि, सीप, ज्ञान बुद्धी गराई विपदका घटना हुन सक्ने संभावित स्थान, समय तथा प्रभावको भविष्यवाणी गरी विपद्का जोखिमहरुबाट जोगाउन तथा विपदपछि पहिलेकै अवस्थामा फर्कनका निम्ति प्राकृतिक स्रोत साधनको दिगो प्रयोग लगायत संरक्षणमूलक कदम चाली वातावरणको प्राकृतिकपनलाई यथासंभव कायम गरिराख्नु महत्वपूर्ण हुन्छ । यसका लागि जलाधार व्यवस्थापन, भू-संरक्षण, सिमसार व्यवस्थापन तथा रोकथामका प्रविधिका साथसाथै प्राकृतिक स्रोत साधनको दिगो प्रयोगमा समुदायको सहभागिता एवं जैविक विविधताको संरक्षणका दिशातर्फ ध्यान दिई दिगो विकासको अवधारणालाई एकिकृत रुपमा कार्यान्वियन गर्नु पर्ने आवश्यकता छ । यस्ता जोखिमहरुबाट जोगिन विकासको योजना तर्जुमा गर्ने समयमा वातावरणीय प्राथमिकताहरुप्रति प्रर्याप्त ध्यान दिएर विपद् जोखिम न्यूनिकरणको अवधारणालाई सबैले र सबै तहमा आत्मसात् गर्न जरुरी देखिन्छ । विकासका योजना तयार पार्ने समयमा नै यसले पार्न सक्ने नकारात्मक प्रभाव तथा विपद सम्बन्धि लेखाजोखा राखी संभावित विपद न्यूनिकरणको योजना पनि संगसंगै निर्माण गरी व्यबहारीक प्रयोग भएमा दिगो विकास हुन सक्दछ ।

## २. नेपालमा विपद जोखिम व्यवस्थापन र वर्तमान नीति

### २.१. नीतिगत व्यवस्था

नेपालमा विपदका घटनाहरु भएपछि माग र आवश्यकता अनुसार उद्धार तथा राहत उपलब्ध गराउने परम्परागत अवधारणामा परिवर्तन आएको छ । दैवीप्रकोप उद्धार ऐन, २०३९ लागू भएपछि विपद व्यवस्थापनमा उद्धार तथा राहत कार्यका अतिरिक्त पूर्वतयारी तथा न्यूनिकरण कार्यलाई पनि जोड दिन थालिएको देखिन्छ । सन् १९९१ मा प्राकृतिक विपद न्यूनिकरण अन्तराष्ट्रिय दशकको घोषणा भएपछि विपद व्यवस्थापनमा पूर्वतयारी कार्यलाई विशेष जोड दिन थालिएको देखिन्छ । नेपालमा विपद व्यवस्थापनको लागि तर्जुमा गरिएको राष्ट्रिय कार्ययोजना सन् १९९६ मा लागु भएपछि विभिन्न प्रकृतिका प्राकृतिक विपद्हरुलाई सम्बोधन गर्न आवश्यक थप उपायहरु अवलम्बन गर्न खोजिएको भएपनि प्रर्याप्त स्रोत र साधनको अभाव एवं सम्बन्धित निकाय एवं सरोकारवालाहरु वीच समन्वयको कमीले कार्ययोजनाले निर्दिष्ट गरेका क्षेत्रहरुमा प्रर्याप्त प्रतिफल प्राप्त हुन सकेनन् । यसरी अपेक्षाकृत सफलता प्राप्त गर्न नसक्नुको प्रमुख कारण प्राविधिक क्षमता सहितको उपयुक्त संगठनात्मक संरचनाको अभाव पनि एक हो ।

**(क) दैवीप्रकोप उद्धार ऐन, २०३९**

नेपालमा विपद व्यवस्थापन कार्यलाई सरकारी दायित्व र कार्यक्षेत्रमा राखी विपद पूर्व र विपद पछि गरिने उद्धार तथा राहतको कार्यलाई सहज रुपमा कार्यान्वियन गर्ने गराउने उदेश्यले सर्वप्रथम २०३९ सालमा दैवी प्रकोप उद्धार ऐन, २०३९ लागु भएको हो । यस ऐनले प्रकोप व्यवस्थापन कार्यको लागी आवश्यक प्रशासनिक संरचना समेतको व्यवस्था गरेको देखिन्छ । यस ऐनमा दुइ पटक संशोधन गरिएको भएतापनि पूर्वतयारी, न्यूनिकरण तथा विकास प्रयासहरुमा प्रकोप जोखिम न्यूनिकरणलाई मूलप्रवाहिकरण

गर्ने जस्ता नवीनतम अवधारणाहरुलाई समावेश नगरिएबाट प्रविधि र विकास प्रयासहरुमा भएका आमूल परिवर्तनहरुलाई आत्मसात् गर्ने समय सापेक्ष परिवर्तन या नयाँ कानुनको व्यवस्था अपरिहार्य रहेको देखिन्छ ।

**(ख) स्थानीय स्वायत्त शासन ऐन, २०५५**

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय विकासका लागि स्वायत्त शासनको व्यवस्था सहित वातावरण मैत्री विकास व्यवस्थापनको लागि विकेन्द्रीकरणको अवधारणालाई प्रवर्द्धन गरेको छ । यसमा विकास प्रक्रिया, वातावरण र विपद बीचको अन्तरसम्बन्धलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा जोड दिएको छ । यस ऐनले स्थानीय निकायहरु जिल्ला, नगर तथा गाउँ विकास समितिहरुलाई समस्याको समाधान सहभागीतात्मक रुपमा आफैंले खोज्न प्रोत्साहन गरेको छ । यसरी यस ऐनले स्थानीय स्तरका निकायहरुलाई उत्तरदायी बनाएको भएतापनि उक्त ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्न आवश्यक नियमावली तथा बजेटको विनियोजन नगरिएकोले ऐनमा व्यवस्था गरिएको अवधारणाहरुको कार्यान्वयन पक्ष एकिकृत रुपमा अगाडी बढ्न नसकेको अवस्था विद्यमान छ ।

**(ग) नेपाल रेडक्रस सोसाइटी  विपद् पूर्वतयारी नियमावली, २०५४**

नेपाल रेडक्रस सोसाइटी विपद् पूर्वतयारी नियमावली, २०५४ ले नेपाल रेडक्रस सोसाइटी सवै निकायहरुमा विपद्  सम्बन्धी कार्यहरुलाई एकरुपता ल्याउन कोशिस गरेको छ । यस नियमावलीमा विपद् व्यवस्थापनका लागि संरचना स्थापना गरी सोही अुनसार कार्य गर्ने र प्रकोप न्यूनिकरण, राहत तथा उद्धारलाई छिटो छरितो ढंगबाट सञ्चालन गर्नका लागि जिल्ला शाखा, उपशाखा, जुनियर/यूवा रेडक्रस सर्कल, समुदायहरुमा विपद्  व्यवस्थापनको पूर्वतयारी गर्ने कार्य गर्दछ ।

यस्तै अन्य बिभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्थाहरुले पनि यस क्षेत्रमा सहयोगका हात बढाइरहेका छन् ।

# नुवाकोट जिल्ला परिचय

**पुष्ठभूमिः**

बेलकोट, मालाकोट, धुवांकोट, भैरुमकोट, कालिकाकोट, सल्यानकोट, सिमलकोट, धैबुङकोट, प्यासकोट जस्ता नौ वटा कोट वा किल्लाहरुको संगम भूमिको रुपमा परिचित नुवाकोटलाई गोपालवंश देखिनै नवकोट, नवकोट्य, नवक्वाथ, नौकोटबाट क्रमशः परिमार्जन हुदै हालको नुवाकोट नामाकरण भएको हो । तत्कालीन समयमा धादिङ जिल्ला समेत यसैमा अधीनस्थ रहेको थियो । प्रसिद्ध धार्मिक क्षेत्र गोसाईकृण्ड र मनोरम पर्यटकीय हिमाली भेग लाङटाङ क्षेत्र जाने प्रमुख पर्यटकीय मार्ग रहेको नुवाकोट जिल्ला मल्लकालीन समयमा पश्चिम नेपालको मूल ढोका, नेपाल भोट (तिब्बत) वाणिज्य व्यापारको परम्परागत मुलद्धार पनि रहेको थियो । श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको शासनकाल (वि.सं. १८०१-१८२५ सम्म) तथा शाहवंशीय नाती राजा श्री ५ गिर्वाणयुद्ध विक्रम शाहको शासनकालको शीतकालीन राजधानी रहनुले यस जिल्लालाई दोश्रो राजधानीको रुपमा परिचित छ । सामरिक एवं रणनैतिक रुपमा हेर्दा पुथ्वीनारायण शाहको आधार युद्धशिविर, हरितताराको घर माइतीमार्ग, चीन नेपालको युद्धभूमी, नेपाल चीन बीच भएको बेत्रावती सन्धिस्थल यसै जिल्लामा अवस्थित छ । नेपाल एकीकरणका महान् नायक श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको समाधिस्थल देवीघाट, नौ तले (नब्बे सालको महाभुकम्प पछि सात तले) दरबार, नेपालको पुरानो त्रिशुली जलविद्युत आयोजना तथा देवीघाट जलविद्युत आयोजना रहेको जिल्ला, जंगवहादुरले पुरुषार्थ प्रदर्शन (झोलुङ्गे पुलबाट घोडा सहित त्रिशुली नदीमा फाल हालेको) गरेको स्थल आदि ऐतिहासिक, धार्मिक, पुरातात्विक एवम् सांस्कृतिक विशिष्टताले युक्त नुवाकोट जिल्लाको एक परिचयात्मक झलक तथ्याङ्कगत रुपमा यहां प्रस्तुत गरिएको छ ।

**२०७२ सालको भुकम्प स्थिती**

सरकारी तथ्याङ्क अनुसार नुवाकोट जिल्लामा यस भुकम्पका कारण १११२ जनाको मानवीय क्षति हुन पुगेको छ भने १०५० व्यक्तिहरु घाइते भएका छन् । मुत्यु तथा घाइते हुनेहरुमा अधिकांश भवन तथा संरचना भत्किंदा पुरिएर तथा भाग्ने क्रममा भएको देखिन्छ । कतिपय अवस्थामा घाइतेहरुको तत्काल उद्धार हुन नसक्दा तथा समयमा नै औषधी उपचार हुन नसक्दा मुत्यु भएको पाइएको छ । भूकम्पीय सुरक्षाको उपाएहरुको गलत वुझाइको कारणबाट पनि मानविय क्षती बढी हुन गएको तितो सत्य जनमानसमा आएको छ । भूकम्प आएको बखत परिवारका सदस्यहरु कुन ठाउँमा कस्तो अवस्थामा थिए भन्ने पूर्व ज्ञानको अभावको कारण पनि उद्धारमा  एकिन हुन नसक्दा तथा छरिएर रहेका वस्तीहरुका कारण पनि थप मानवीय क्षति भएको पाइन्छ ।

# जिल्लाको संक्षिप्त परिचय

**१.परिचय**

जिल्ला : नुवाकोट
जिल्ला सदरमुकाम : विदुर
अञ्चल : बागमती
विकास क्षेत्र : मध्यमाञ्चल

**२.भौगोलिक अवस्थिति**

क) आक्षांश : २७° ४५' उत्तर देखि २८° २०' उत्तर सम्म
ख) देशान्तर : ८५° पूर्व देखि ८५° ४५' पूर्व सम्म
ग) क्षेत्रफल : ११२१ वर्ग कि.मी.
घ) उचाई : समुन्द्र सतहबाट ४५७ मी. देखि ५१४४ मी. सम्म
ङ) आकार : अर्ध चन्द्राकार

**३. सिमाना**

पूर्व : काठमाण्डौ, सिन्धुपाल्चोक
पश्चिम : धादिङ
उत्तर : रसुवा
दक्षिण : काठमाण्डौ, धादिङ

**४. हावापानी तथा जलवायु**

| हावापानी | हावाको वार्षिक औषत तापक्रम (डि.से.) | प्रतिशत |
|---|---|---|
| अल्पाईन र आर्कटिक | १०° देखी कम | ४.८ |
| ठण्डा शितोष्ण हावापानी | १०° – १५° | १३.८ |
| उष्ण अर्ध शीतोष्ण हावापानी | १५° – २०° | ५१.४ |
| समशितोष्ण हावापानी | २०° – ४०° | २८.७ |
| अन्य | | १.२ |

**५. तापक्रम तथा वर्षा (वार्षिक)**

न्यूनतम तापक्रम : १०.०२ मि.मि.
अधिकतम : १९.७५ मि.मि.
औषत वर्षा : १८४.६४ मि.मी.

**६. भौगोलिक बनावट**

(क) लेक (उच्च हिमाली) : २.२%
(ख) उच्च पहाड : ७१%
(ग) मध्य पहाडी बेसिटार : ११%

**७. राजनैतिक तथा प्रशासनिक विभाजन**

ईलाका : १३
निर्वाचन क्षेत्र : ३

गा.वि.स. : ६१
नगरपालिका : १ (वडा संख्या ११)
जम्मा वडाहरु : ५६०

**८. जनसाख्यिक विवरण (राजग २०६८ अनुसार)**

**क) जनसंख्या :**

कूल जनसंख्या : २,७७,४७१
महिला : १,४४,६८४
पुरुष : १,३२,७८७
संस्थागत र विदेशिएका : १४३११
लैङ्गिग अनुपात : ०.९२
दशकको जनसांख्यिक परिवर्तन : –०.०४%
जम्मा घरधुरी संख्या : ५९२१५
जम्मा परिवार संख्या : ५९२१४
औसत परिवार संख्या : ४.६९
जनघनत्व : २४८ प्रति व.कि.मी.

**ख) धर्म अनुसार**

- हिन्दु : ५७.९५%
- बौद्ध : २०.१४%
- क्रिश्चियन : १.६१%
- अन्य : ०.३%

**ग) जाती अनुसार**

- तामाङ : ४२.८%
- ब्राम्हण : १८.९%
- क्षेत्री : १२.६%
- नेवार : ७.४%
- राई : ३.६%
- अन्य : १४.६%

**घ) भाषा अनुसार**

- नेपाली : ५४.५%
- तामाङ : ३९.९ %
- नेवार : २ %
- अन्य : ३.४ %

**९. प्रमुख पेशाः**

- कृषि : ७१.६९ %
- गैह्र कृषि : २८.३१ %

**१०.जिल्लाको भू उपयोग स्थिति विवरण :**

| सि.नं. | विवरण | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत |
|---|---|---|---|
| १ | **वन जंगलले ढाकेको क्षेत्र** | **३५९९४.९९** | **३२.१२** |
| १.१ | सामुदायिक वन | २४८४९.५१ | २२.१६ |
| १.२ | सरकारद्धारा व्यस्थित वन | ११९४५.४८ | ९.९४ |
| १.३ | धार्मिक वन | ६.०७६९ | ०.००५४ |
| **२** | **घांस क्षेत्र** | **१२०४.००** | **१.०७** |
| **३** | **कृषि योग्य जमिन** | **६०३५६** | **५३.८३** |
| ३.१ | निजि वन | ७.८० | ०.००६९ |
| ३.२ | कृषि क्षेत्र | ६०३४८.२० | ५३.८३ |
| **४** | **अन्य** | **१४५४५.००** | **१२.९८** |
| | **जम्मा** | **११२०९९.९९** | **१००** |

*स्रोत: जि.व. कार्यालय, आ.व. ०७१।०७२*

**११. शैक्षिक स्थिती :**

प्रा.वि. : २७१
**नि.मा.वि. : २१**
मा.वि. : ६४
उच्च मा.वि. : ४७ (१ संस्थागत)
क्याम्पस : १४
नर्सिङ कलेज : १ संस्थागत

**१२. स्वास्थ्य स्थिती :**

| | |
|---|---|
| जिल्ला अस्पताल | १ (५० शैया, चिकित्सक: ३ जना) |
| प्रा.स्वा. केन्द्र | ३ (१२ शैया, चिकित्सक: ३ जना) |
| हे.पो. | ६४ |
| जिल्ला आयुर्वेद औषधालय | १ वटा |
| आयुर्वेद औषधालय | ८ वटा |
| निजी अस्पताल | ५ वटा |
| सहरी स्वास्थ्य केन्द्र | ९ वटा |
| गाउंघर क्लिनिक | १६२ वटा |
| खोप क्लिनिक | २२३ वटा |
| एम्बुलेन्स सेवा | ६ वटा |
| लायन्स दन्त अस्पताल | २ वटा |
| सामुदायिक आंखा केन्द्र | १ वटा |

**१३. कृषि तथा पशु सम्बन्धी विवरण :**

जिल्ला कृषि विकास कार्यालय : १ वटा
कृषि सेवा केन्द्र : ६ वटा
कृल क्षेत्रफल : ११२१०० हे.
खेतीयोग्य भूमि : ४५२४२ हे.
खेती गरिएको भूमि : ४२२४२ हे. (३७.८%)

| | | |
|---|---|---|
| जिल्ला पशुसेवा कार्यालय | : | १ वटा |
| पशु सेवा केन्द्र | : | ६ वटा (देविघाट, खरानीटार, रानीपौवा, बेल्कोट, चौघडा,) |
| पशु सेवा उप-केन्द्र | : | ७ वटा (पन्चकन्या, थानापति, तारुका, तुप्चे, वागेश्वरी, सिके) |
| उपोष्ण प्रदेशिय बागवानी विकास केन्द्र | : | १ वटा |
| मत्स्य अनुसन्धान केन्द्र | : | १ वटा |
| कृषि सामग्री कम्पनी लि., उपशाखा कार्यालय | : | १ वटा |
| कृषि विकास बैंक लि | : | १ वटा |
| भेडा फारम (पानसय खोला) | : | १ वटा |

### १३.१ कृषिमा नुवाकोट :

- धान/चामल, आलु र ताजा तरकारी निर्यातमा अग्रणी पहाडी जिल्ला ।
- दक्षिणी भेग : तरकारी, ट्राउट माछा पालन र स्ट्रबेरी उत्पादन ।
- मध्य तथा पश्चिम पकेट क्षेत्र : ताजा तरकारी, आलु, फलफूल, तथा खाद्यान उत्पादन ।
- उत्तरी भेग : मौरी, रेशम तथा बेमौसमी ताजा तरकारी उत्पादनमा व्यवसाय उन्मुख ।
- सिमान्तकृत बालीहरु बदाम, कोदो, तिल र तोरी उत्पादनमा निरन्तरता ।
- स्थानिय प्याज तथा घिउसिमीको एक केन्द्र ।
- तनेबोडी, घिउसिमी, हरियो मटरकोशा र मुलाको लागि प्रख्यात ।
- नगदे बाली : चिया, अलैची, कफी, अदुवा, स्ट्रबेरी अदिको ब्यावसायिक खेतिमा बिस्तार भईरहेको ।

### १३.२ पकेट क्षेत्र

**क) बेमौसमी तरकारी :**

काउले, भाल्चे, सुन्दरादेवी, वेलकोट, नर्जामण्डप, देउराली, बुङताङ्ग, **मौसमी:** खरानीटार, रातमाटे, गणेशस्थान, ख.भ., जिलिङ्ग, थानसिंह, खानीगाउँ, कल्यानपुर, सुर्यमती, मदानपुर, औखरपौवा, तारुका, तुप्चे, चतुराले, चारघरे ।

**(ख) आलु**

**बर्षे आलु:** किमताङ, बुङताङ, साल्मे, भाल्चे, देउराली, उर्लेनी, घ्याङफेदी, गाउँखर्क, राउतवेशी, वेतिनी, ककनी, तलाखु, छाप । **हिउँदे आलु :** थानसिंह, कविलास, खानीगाउँ, कल्याणपुर, जिलिङ्ग, चौघडा, र बेलकोट ।

**(ग) खाद्यान्न (धान, गहुँ, मकै, कोदो)**

बेलकोट, मदानपूर, खानीगाउँ, कविलास, कल्याणपूर, खड्गभञ्ज्याङ्ग, थानसिं, रालुका ५, ७ चौघडा, समून्द्रटार, दुईपिपल, थानापति, चतुराले, चाउथे, कृमरी, बुङताङ्ग, तुप्चे, बुधसिंह, मनकामना, हल्देकालीका, थप्रेक, सुन्दरादेवी, बालकृमारी, चारघरे, गेर्खुटार ।

**(घ) फलफुल, अलैचि तथा चिया**

- **सुन्तलाजात फलफुल,**

कल्याणपुर, सामरी, बेलकोट, थानापती, थानसिङ्ग, सूर्यमती, भद्रुटार, कविलास, काउले, हल्देकालिका, गणेशस्थान, नर्जामण्डप, चतुराले, मदानपुर, चाउथे, पञ्चकन्या, बालकृमारी, तुप्चे ।

- **आँप, लिची, केरा, भूईंकटहर, मेवा**

थानसिङ, सूर्यमती, मदानपुर, बेलकोट, दूईपिपल, रातमाटे, खड्गभञ्ज्याङ्ग, चाउथे, कल्याणपुर, कविलास, तुप्चे, गणेशस्थान, चतुराले, चौघडा, खानीगाउँ, विदुर न.पा., दाङसिङ, गोरस्याङ, बुधसिङ, तारुका ।

- **नासपाती, आरु, आरुबखडा, खुरपानी**

ककनी, फिकृरी, उर्लेनी, भाल्चे, साल्मे, किम्ताङ, घ्याङफेदी, वेतिनी, सिक्रे, छाप, समुन्द्रादेवी, लिखु, तलाखु, पञ्चकन्या, मदानपुर, ओखरपौवा ।

- **अलैंची**

ककनी, मदानपुर, वेलकोट, समुन्द्रादेवी, छाप, थानापती, तलाखु, सिक्रे, महाकाली, थानसिङ, देउराली, काउले, वालकृमारी, सुन्दरादेवी, किन्ताङ०, र ककनी ।

- **स्ट्रबेरी**

ओखरपौवा, रानीपौवा, मदानपुर ।

- **चिया**

ककनी, थानापती, मदानपुर, ओखरपौवा, चतुराले, बेलकोट, साल्मे, भाल्चे, देउराली, बुङताङ, बर्सुन्चेत, सुन्दरादेवी, समुन्द्रादेवी, सुनखानी ।

## १४ सिचाई सम्बन्धि विवरण

**जिल्लाको कूल जम्मा क्षेत्रफल १,१२,१०० हे.**

वर्ष भरि सिंचित हुन क्षेत्रफलः ७८४५ हे. (१८.५७ %)

मौसमी सिंचित क्षेत्रफलः ८९३५ हे. (१९.८ %)

आकाशेबाट सिंचित हुने क्षेत्रफलः २८६०६ हे. (६३.२०%

क) कमोद गरेको जग्गा ४५,२४२, हे. (४०.३ %)

- खेत १६,१४२ हे. (३५.६ %)
  - अवल : २,१२२, हे.
  - दोयम : ४,८११ हे.
  - सिम : ८,६२४ हे.
  - चाहार : २९७ हे.
- पाखो २९,१०० हे. (६४.४ %)
  - अवल : २,९२३, हे.
  - दोयम : ७,७३८हे.
  - सिम : १४,२२९ हे.

ख) चरन ४०,५१६ हे. (३६.२%)

ग) वन ७,५२२ हे (६.७ %)

घ) नदीनाला २,८७० हे. (२.६%)

ङ) बाँकी १५,९५० हे. (१४.२ %)

**१५ जिल्लाको विभिन्न स्थानको उचाई**

| क.सं. | स्थान (गा.बि.स.) | समुन्द्रिक सतहको देखी उचाई (मि.) |
|---|---|---|
| १ | बिदूर न.पा. वडा नं.२ नुवाकोट बजार | ९७० |
| २ | ककनी गा.बि.स.को रानीपौवा | १८२८ |
| ३ | बुङताङ गा.बि.स. भवन | २१२४ |
| ४ | भाल्चे गा.बि.स. डुम्बाङ्ग | २१३३ |
| ५ | शिवपुरी | २५०० |
| ६ | बट्टार बजार | ५२६ |

| | | |
|---|---|---|
| ७ | तीनचुली | ५१४४ |
| ८ | दक्षिणको त्रिशुली नदी किनार | ४५७ |

## १६ विद्युत/वैकल्पिक उर्जा सम्बन्धी विवरण

- विद्युत गुह संख्या : २ वटा
- त्रिशुली विद्युत गुह क्षमता : २१.१ मे.वा.
- देविघाट विद्युत गुह क्षमता : १४.१ मे.वा.
- सेवा पुगेका गा.वि.स. संख्या : ६१ वटा
- लघु जलविद्युत संख्या : २६ प्लान्ट क्षमता : १७७.५ वाट
- सुधारिएको घट्ट संख्या : ९०० वटा
- वितरित सौर्य टुकि संख्या : ११०१
- गोवरग्यास प्रयोग गर्ने घरधुरी : २१७१
- सुधारिएको चुल्हो प्रयोग गर्ने घरधुरी: १५५५५

## १७ यातायात सम्बन्धी विवरण

सडक पुगेका गा.वि.स. हरुको संख्या : ६१ गाविस र १ न.पा.

प्रमुख सडकहरु

| | | |
|---|---|---|
| ठूलोखोला-ककनी-पिपलटार-त्रिशुली (काठमाण्डौ त्रिशुली सडक) | : | ५५ कि.मी. |
| गल्छी - पिपलटार–त्रिशुली | : | २७ कि.मी. |
| त्रिशुली - धुन्चे | : | ४८ कि.मी. |
| गंगटे –लव्धु -समुन्द्रटार–गोल्फुभन्ज्याङ | : | ४३ कि.मी. |
| गुर्जे -छहरे–त्रिशुली (टोखा, छहरे त्रिशुली सडक) | : | ४७ कि.मी. |
| ककनी -लिंक सडक | : | ३ कि.मी |
| त्रिशुली सहरी सडक | : | १८ कि.मी. |
| नुवाकोट–वागेस्वरी–उर्लेनी | : | २३.५ कि.मी. |
| उर्लेनी–काल्चे–मालाभन्ज्याङ | : | ८.५ कि.मी. |
| मान्द्रेढुंगा–खडगभन्ज्याङ–गोर्स्याङ–दाङसिङ–काफलपानी | : | २४.५ कि.मी. |
| त्रिशुली–वेत्रावती | : | ९ कि.मी. |
| त्रिशुली–सोले | : | ९ कि.मी. |
| त्रिशुली–सामरी –भऱ्याङभुरुङ | : | १७ कि.मी. |
| त्रिशुली–देउराली –मेघाङ | : | २५ कि.मी. |
| मेघाङ –किन्ताङ– थम्बुखोला | : | ८.५ कि.मी. |
| पात्ले –दुईपीपल– कोल्पुटार | : | ३८ कि.मी. |
| लिखुखोला–कविलास–घलेभन्ज्याङ–थप्रेक–वेतिनी–गोल्फुभन्ज्याङ | : | ३५ कि.मी. |
| समुन्द्रटार–रामती–कृटुङखोला–घ्याङफेदी | : | १० कि.मी. |
| छहरे–शिवालय–तलाखु–पाटीभन्ज्याङ | : | २० कि.मी. |
| ओखरपौवा–चाउथे–कृमरी–कोल्पुटार | : | ५० कि.मी. |
| रानीपौवा–चतुराले–बेल्कोट–तादीपुल | : | १३ कि.मी. |
| गुर्जे–समुन्द्रादेवी–पुर्नीभन्ज्याङ मैदान छाप अल्छे | : | ११ कि.मी. |

| | | |
|---|---|---|
| गणेशस्थान–नर्जामण्डप डाडाकोपाटो | : | २० कि.मी. |
| सोले–सातदोबाटो–भाल्वे–साल्मे | : | २३ कि.मी. |
| मुलथला–छत्रेखोला–बुधसिंग–तारुका | : | २० कि.मी. |
| आप्रह–राउटार–घलेभन्ज्याङ | : | १२ कि.मी. |
| काउलेथाना–महेन्द्र मा.वि.– थान्सिङ फांट | : | १४ कि.मी. |
| सातविसे–बाघमारा– मालाभन्ज्यांङ | : | १३ कि.मी. |

***स्रोत : सडक डिभिजन कार्यालय, नुवाकोट : २०७३, जिल्ला प्राविधिक कार्यालय DTMP***

### १८ सहकारी/वित्तिय संघ, संस्था/गै.स.स सम्वन्धि विवरण

| सहकारी | | वित्तिय संस्था | |
|---|---|---|---|
| डि.सहकारी कार्यालय | १ | अन्य सहकारी | ९ |
| राष्ट्रिय सहकारी विकास वैक | १ | सहकारी संघ | ३ |
| महिला सहकारी संस्था | ५६ | वैंक | ३ |
| दुग्ध विकास सहकारी | १० | निजी वैक | |
| वहुउद्धेश्यीय सहकारी संस्था | ९० | विकास बैंक | |
| वचत तथा ऋण सहकारी | ९९ | फाइनान्स कम्पनि | |
| कृषि सहकारी संस्था | ८२ | गै.स.स महासंघ | १ |
| सुचना तथा संचार सहकारी संस्था | १ | दर्ता भएका गै.स.स | |
| उपभोक्ता सहकारी संस्था | ८ | महिला सम्बन्धि कार्य गर्ने गैसस | |

### १९ शान्ति सुरक्षा

| | | | |
|---|---|---|---|
| जिल्ला प्रहरी कार्यालय | : १ | इलाका प्रहरी कार्यालय | : ३ |
| प्रहरी चौकी | : १३ | कारागार | : १ |
| अस्थायी ट्राफिक प्रहरि पोष्ट | : १ | शैन्य तालिम केन्द्र | : १ |
| शैन्य गण | : १ | प्रहरी तालिम केन्द्र | : १ |
| दमकल संख्या | : १ (विदुर न.पा.) | नगर प्रहरी संख्या | : ५ |

### <u>२० प्राकृतिक स्रोत तथा वातावरण</u>

कूल जंगल (वन तथा झाडी) : ६६,४४२ हेक्टर

| क्र.सं. | वनको किसिम | क्षेत्रफल (हे.) |
|---|---|---|
| १ | कूल वन जंगल | ३५,९९१ |
| २ | सामुदायिक वन | १८,५९०+८१ |
| ३ | राष्ट्रिय वन | १७,४०० |
| ४ | धार्मिक वन | ८ |
| ५ | निजी वन | ४११ रोपनी |
| ६ | राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु आरक्ष | २३७.२८ (व.कि.मी.) |

| | | |
|---|---|---|
| ७ | आरक्षले ढाकेको क्षेत्र | ३४.८४ (व.कि.मी.) |
| ८ | नदी नाला | ७५२२ |

**२०.१ मुख्य वनस्पतिहरु**
साल, चिलाउने, कटुस, सल्ला (खोटे, गोब्रे, धुपी), चााप, ओखर, उत्तिस, जामुन, क्यामुन आदी ।
प्राप्य जडिबुटीहरु
चिराइतो, निरमसी, मजिठो, पाषाणवेद, अमला, कूरिलो, लौठसल्ला, पाखनवेद, पदमचाल, टिमुर आदी ।

**२०.२ मुख्य नदी तथा तालहरु**
नदी – त्रिशुली, तादी (सूर्यमती), लिखु, सामरी, सलाखु, फलाखु, सिन्दुरे, कोल्पु, छत्रे
ताल – सूर्यकूण्ड, सागरकूण्ड, बोल्देही ताल ।

**२१ धार्मिक एवं सांस्कृतिक सम्पदा सम्बन्धी विवरण**
**२१.१ सांस्कृतिक एवं ऐतिहासिक मठ मन्दिर तथा तीर्थस्थलहरु**
भैरवीदेवी, जालपादेवी, दुप्चेश्वर महादेव, पञ्चकन्या, राममन्दिर, उत्तरगया, सुगतपुर विहार, बाराही, बासुकी, बाघभैरव, भैरमकोट, जलेश्वरी, बागबच्छला महादेव, शिवालय, भुमेठाकूर महादेव, कपिलेश्वर महादेव, चिर्केश्वर महादेव, तारकेश्वर महादेव ।

**२१.२ मुख्य पर्यटकीय स्थल, ताल, ऐतिहासिक गुफा, दरबार तथा स्मुति उद्यानहरु**
नुवाकोट दरबार क्षेत्र, ककनी, देवीघाट, उत्तरगया (बेत्रावती), सागरकूण्ड, बोल्देहि ताल, गुभु खोल्सा सुरुङ, चिसापानी, मेघाङ भञ्जाङ, बाघमारा सुन्दरादेवी, सूर्यगढी, दुप्चेश्वरी , किस्पाङ पोखरी, चौघडा, कविलास, नौघर काउले, दुधे लामा गेर्खु, घोप्टेभिर घ्याङफेदी, साततले दरबार, श्री ५ बडामहाराज पुथ्वीनारायण शाह स्मुती उद्यान देविघाट, श्री ५ विरेन्द्र स्मुती उद्यान वि.न.पा. ९,।

**२१.३ मुख्य बजार केन्द्र**
त्रिशुली, वट्टार, देविघाट, विदुर, वेत्रावती, नुवाकोट, रानीपौवा, छहरे, देउराली, कोलनी, कागुने, सामरी, सोले, रातमाटे, सातविसे, खरानीटार, वागेश्वरी, ढिकूरे, सातदोवाटे, समुन्द्रटार, रामती, डावाचेत काहुले

**२१.४ सांस्कृतिक चाडपर्व एवं मेलाहरु**
सिन्दुरे जात्रा, लाखेनाच, गाईजात्रा, दुप्चेस्वर जात्रा

**२२ नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा नुवाकोट**
**विपद् पूर्वतयारी तथा क्षमता**

- सन् १८६३ मा घाइतेहरुको सहयोगको लागी अर्न्तराष्ट्रिय समितिको नामवाट स्थापित
- विश्वका १९१ भन्दा बढि राष्ट्रहरुमा क्रियाशील छ ।
- नेपाल रेडक्रसको स्थापना वि.स. २०२० भाद्र १९ गते भएको हो ।
- नुवाकोट जिल्लामा वि.स २०३४ साल आश्विन १८ मा रेडक्रसको स्थापना भयो ।

### २२.१ संगठनात्मक स्थिति

क) संगठन :

जिल्ला सभा : १ (१२५ जना सभासद्)

- जिल्ला कार्यसमिति : १ (पदेन सदस्यसहित १८ जना)
- समिति तथा उपसमिति : १० (प्रकोप व्यवबस्थापन समिति समेत)

- उपशाखाहरु : २१,
- सहयोग समिति : १

**जुनियर तथा यूवा रेडक्रस सर्कल**

| | |
|---|---|
| क. बहुमुखी क्याम्पस | २ |
| ख. उच्च माध्यमिक विद्यालय | ३८ |
| ग. माध्यमिक विद्यालय | ४८ |
| घ. निम्न माध्यमिक विद्यालय | २८ |
| **जम्मा-** | **११६** |

**सदस्य संख्या**

| | |
|---|---|
| यशश्कर सदस्यः | ९ जना |
| विशिष्ट सदस्य : | ११ जना |
| आजीवन सदस्य : | १७५५ जना |
| साधारण सदस्य : | ५८३ जना |
| जुनियर यूवा सदस्यः | ९९१५ जना |
| कर्मचारीहरु : | ३८ जना (साधारणतर्फ-२, विकासतर्फ- ३६) |

scout: ?

### २२.२ ने.रे.सो जिल्ला शाखाका तालिम प्राप्त प्रशिक्षक तथा स्वयंसेवकहरु

१. NDRT (Natinal Disaster Respons Training) – ३
२. DDRT (District Disaster Response Training) – १८
३. प्रकोप व्यवस्थापन - ८०
४.प्राथमिक उपचार प्रशिक्षक - १८ जना
५.प्रकोप व्यवस्थापन स्वयमसेवक - ८३८
६.प्राथमिक उपचारक स्वयमसेवक - ४५६
७. खोज तथा उद्धार स्वयमसेबक - ८४
८. सुरक्षित पँहुच -१०
९. आकस्मिक राहत अक्षयकोष १,२९,११२।४६ ) यस रकम बाट व्याज मात्र खर्च गर्न सकिने)

२२.३ प्रकोप सम्वन्धी सूचनाको लागि तपशिलका सम्पर्क नम्वरहरुमा जुन सुकै समयमा सम्पर्क गर्न सक्ने व्यवस्था मिलाएको ।

ने.रे.सो.जिल्ला शाखा नुवाकोट ०१ ५६००७०

सुरत बहादुर चित्रकार (सभापति) ९८४१६७१६०१
हरि श्रेष्ठ (मन्त्री) ९८५११८०८७६
शारदा खतिवडा (जिल्ला कार्यक्रम संयोजक ) ९८४१७०७८४९
शिव अमात्य कार्यालय सहायक ९८४१५४८५०८

**भाग २**

**२३ विपदको अवस्था बिश्लेषण तथा समस्या पहिचान :-**

विगत केही बर्षदेखी नुवाकोट जिल्लामा विपदबाट प्रभावित जनसंख्या, धनजनको क्षतिको विवरण जिल्ला दैवीप्रकोप उद्धार समिति, नेपाल प्रहरी तथा नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखाबाट संकलन गरिएको छ भने गत वर्ष २०७२ बैशाख १२ गतेको महाविनाशकारी भुकम्प र त्यस पछिको पराकम्पनले श्रुजना गरेको विनाशको अवस्थाको बारेमा जिल्ला दैवीप्रकोप उद्दार समितिबाट तथ्यांक संकलन गरिएको छ । जिल्लाको वस्तुस्थितिसँग परिचित हुनका लागि जिल्लाको पार्श्वचित्रलाई समेत अध्ययन गरिएको छ । विगत बर्षहरुमा संचालन गरिएका पाठ सिकाई कार्याशालाका प्रतिबेदनहरुलाई समेत आधार बनाइएको छ । नुवाकोट जिल्लाका सवल पक्षहरु तथा अवसरहरु हुदां हुदै पनि बिकाससंग सम्वन्धित प्रशस्त चुनौतीहरु पनि छन् । यस्ता विकाससंग सम्वन्धित बिषयहरुमा मानिसहरुले प्राकृतिक विपदहरुको सामना कसरी गर्दछन् भन्ने कुरालाई निर्धारण गर्दछन् । सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा धनी र गरिव बीचको खाडल यस जिल्लामा फराकिलो अवस्थामा रहेको छ । जिल्लाको सवभन्दा उच्च साक्षरतादर तुप्चे गा.वि.स को तुलनामा सवभन्दा न्यून साक्षरता दर घ्याङफेदी गा.वि.स को रहेको छ । यी सबै सूचकहरुले मानिसहरुको प्राकृतिक विपदसंग जुझ्ने क्षमतालाई निर्धारण गर्दछन् । कृषि उत्पादन तथा खाद्य सुरक्षाको अवस्था समेत सन्तोषजनक छैन् । पानीजन्य प्रकोपका कारण जनधनको क्षती तथा कृषि उत्पादनमा प्रत्यक्ष नकारात्मक असर छ ।

**२३.१ चुनौतीहरु :**

धनी र गरिव बीचको फराकिलो खाडलका कारण विपदको सामना गर्न सक्ने बिपन्न समुदायको कमजोर क्षमता, तीब्र जनसंख्या बिचलन, लैगिंक विभेद, युवाहरुको पलायन, समुदायमा आधारभुत सुविधाहरुको कमि, स्थानीय बिकासमा स्थानीय साधन स्रोतहरुको अनुचित प्रयोग, स्वास्थ्य तथा सरसफाइ सम्बन्धि जनचेतनाको कमी, समुदायमा सचेतना मुलक गतिविधिहरुको अभाव मुख्य चुनौतीको रुपमा रहेका छन् ।

**२३.२ अवसरहरु :**

प्राकृतिक सुन्दरता र सामरीक दुष्टिकोणका साथै नुवाकोट हुदै केरुङ जोड्ने सडक सुविधाका कारण नुवाकोट जिल्लामा पर्यटन विकास र व्यापारको प्रवल सम्भावनाहरु छन् । त्यस्तै बनजंगलको अवस्था, गैर काष्ठ उत्पादनहरु, जडीबुटीहरुको उत्पादनहरुलाई पनि अवसरको रुपमा लिन सकिन्छ । यस्ता प्राकृतिक सम्पतिहरु जिल्लाको मूख्य आम्दानीका स्रोतहरु हुन । तर स्वास्थ्य तथा सरसफाइको क्षेत्रमा अझ धेरै गर्नु जरुरी रहेको छ । समुदायहरु संग प्रर्याप्त आर्थिक स्रोत हुने हो भने उनीहरु पानी शुद्दीकरण गरी पिउने, सरसफाइ एकाइहरुको निर्माण र उचित प्रयोग गर्ने विभिन्न उपायहरु अवलम्वन गर्न सक्छन् । विदुर न.पा. तथा यससंग जोडिएका गा.वि.स का मानिसहरु स्वास्थ्य केन्द्रमा जान इच्छुक देखिन्छन् । सामुदायिक बन उपभोक्ता समितिहरुलाई आगलागीबाट समुदायमा पर्ने असरहरु, बनजंगलको संरक्षण तथा पानीका मुहानहरुको संरक्षण गर्ने कार्यका लागि समुदायमा जनचेतना फैलाउने अभियानमा परिचालन गर्न सकिन्छ । बनजंगलमा हुने आगलागिका घटनाहरु न्युनीकरण तथा झाडापखाला रोकथाम तथा पूर्वतयारीका लागि समुदायमा

कार्यरत सामुदायिक संगठनहरुलाई  समेत परिचालन गर्न सकिन्छ । यस्ता संघ संस्थाहरु बाट मानवीय स्रोतका अतिरिक्त प्राविधिक तथा आर्थिक सहयोग समेत लिन सकिन्छ ।

**२३.३ आवश्यकता पहिचान:**

बाढी तथा पहिरोको जोखिममा रहेका समुदायहरु सामाजिक, आर्थिक तथा साङगठनिक रुपमा कमजोर हुन्छन् । खाद्य असुरक्षा, शौचालय, स्वास्थ्य तथा सरसफाइका सुविधाहरुको सिमितता, पहिरोका कारण सुरक्षित बासस्थान आदि विपदवाट प्रभाबितहरुले सामना गर्ने मुख्य समस्याहरु हुन । परिणाम स्वरुप प्राकृतिक तथा मानवजन्य प्रकोपहरु संग समुदायको सामना गर्ने क्षमता निकै कमजोर छ । यस्ता समस्याहरुलाई सम्वोधन गर्न समुदायलाई सशक्तीकरण गर्ने र प्रभावकारी समन्वयको संयन्त्र बनाउन अत्यन्त जरुरी छ । नुवाकोट जिल्लामा विपद पूर्वतयारी तथा प्रतिकार्यमा काम गर्न विभिन्न सरोकारबालाहरुवीच समन्वय गर्ने साधनको रुपमा यो योजना सहयोगी सिद्ध हुन सक्छ ।

**२३.४ प्रकोप प्राथमिकिकरण, संकटाभिमुखता तथा जोखिम पहिचान :**

विभिन्न प्रकारका प्राकृतिक तथा मानव जन्य प्रकोपहरु जस्तै- भुकम्प, बाढी, पहिरो, आगलागी, महामारी, खडेरी ,सरुवा रोगहरु, चट्याङ, हुरीबतास आदि मध्ये नुवाकोट जिल्लामा भुकम्प, बाढी, पहिरो, आगलागी, महामारीले क्षती बढी पुऱ्याउने तथा धेरै घटने प्रकोपहरु हुन । जिल्लामा गरीएको प्रकोपको श्रेणीकरण अनुसार भुकम्प, पहिरो, बाढी, महामारी, हावाहुरी, र आगलागीको Score value क्रमशः १०, ८, ६, ६, ५ र ५ रहेको छ । यसको अर्थ नुवाकोट जिल्लामा भुकम्प, पहिरो, बाढी र महामारी प्रकोपहरु उच्च प्राथमिकतामा पर्दछन् । त्यस पछि हावाहुरी र आगलागीको जोखिम पनि त्यति नै रहेको छ । यो योजना निर्माणको सिलसिलामा जिल्ला दैबीप्रकोप उद्धार समितिको बैठकमा सहभागी स्थानीय साझेदार संस्थाहरुका प्रतिनिधिहरुको साथै सम्वन्धित सरोकारवालाहरुबीच उपरोक्त सूचनाहरुको परिक्षणका लागि बिस्तुत छलफल भएको थियो । सहभागीहरुले  मानवीय क्षति, घरहरुको क्षति तथा प्रकोपले ओगटेको क्षेत्रको आधारमा प्रकोपको प्राथमिकिकरण गरीएको थियो । जसको परिणाम तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ३ प्रकोप प्राथमिकिकरण मेट्रिक्स (२०७३)**

| गाविस/ नपा | सम्भावित प्रकोपको प्रकार ( १ निम्न, ५ उच्च) | | | | | | विपद्को प्रभाव (मुतक संख्या वा विस्थापीत संख्या) | संकटासन्नता स्तर |
|---|---|---|---|---|---|---|---|---|
| | पहिरो | बाढी | ह्ववाहुरी | भूकम्प | आगलागी | महामारी | | |
| भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | * | भुकम्प | भुकम्प | | १० |
| पहिरो | * | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | | ८ |
| बाढी | पहिरो | * | बाढी | बाढी | बाढी | महामारी | | ६ |
| महामारी | पहिरो | महामारी | महामारी | महामारी | महामारी | * | | ६ |
| हावाहुरी | पहिरो | बाढी | * | हावाहुरी | आगलागी | महामारी | | ५ |
| आगलागी | पहिरो | आगलागी | आगलागी | आगलागी | * | महामारी | | ५ |

**तालिका नं. ४ छलफलमा सहभागीहरुको अनुभूतिको आधारमा तयार पारिएको प्रमुख प्रकोपहरुको बारम्बारता तालिका**

| प्रमुख प्रकोपहरु | प्रमुख प्रकोपहरुको श्रेणी | बारम्बारता |
|---|---|---|
| भुकम्प | पहिलो | १० |
| पहिरो | दोस्रो | ८ |
| बाढी | तेस्रो | ६ |
| महामारी | तेस्रो | ६ |
| हावाहुरी | चौथो | ५ |
| आगलागी | चौथो | ५ |
| | | |

माथिको बिश्लेषणको आधारमा भुकम्पको प्रकोप सर्वैभन्दा बढी १० उच्च भएकाले यसलाई पहिलो प्राथमिकतामा राखिएको छ । भुकम्पले जिल्लामा अत्यन्त जोखिमको अवस्था सुजना गरेको अवस्था थियो । यस किसिमको जोखिम अलि अप्रत्यासित र आँकलन गर्न पनि नसकिने हुन्छ । त्यसै गरी पहिरो, बाढी, महामारी, हावाहुरी र आगलागी क्रमशः दोस्रो, तेस्रो र चौथो प्राथमिकतामा राखिएका छन् । यसका अतिरिक्त खडेरी र हुरीबतासका कारण समेत अधिकांश क्षेत्र प्रभाबित हुने गरेका छन् । यस योजनामा भुकम्प र पहिरोलाई उच्च प्राथमिकतामा राखिएको छ । त्यसै गरि महामारीलाई पनि यस योजनामा खासगरि Health, WASH , Protection Cluster भित्र राखिएको छ । यसका लागि गा.वि.स अनुसार समेत पहिरो र महामारीको सन्दर्भमा संकटाभिमुखताको तह निर्धारण गरी गा.वि.स हरुलाई प्राथमिकतामा राखिएको छ ।

**२४ पहिरोको संकटासन्नता पहिचान :**

